# संवत् २०७९ साल असोज ७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | Third Ministerial Conference on Regional Economic Cooperation and Integration in Asia and the Pacific मा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेललाई स्वीकृति दिने। |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता प्रहरी (तेस्रो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने। |
| ३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | क्यानडाको ओटावामा २०७९ साल असोज १९ देखि २० सम्म आयोजना हुने डिजीटल समीट (Digital Summit)मा सहभागी हुन कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय तिलक परियारलाई स्वीकृति दिने। |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट सञ्चालन हुने बजार अनुगमन कार्यक्रममा आ.व. २०७९/८० का लागि राजपत्राङ्कित स्तरका पदको अस्थायी दरवन्दी स्वीकृत गर्ने। |
| ५. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्राइभेट फर्म रजिष्ट्रेशन(चौधौं संशोधन) नियमावली, २०७९ लाई स्वीकृत गर्ने। |
| ६. | गृह मन्त्रालय | दार्चुला जिल्लाको महाकाली नगरपालिका र नौगाड गाउँपालिकाका भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने। |
| ७. | वन तथा वातावरण मन्त्रालय | चुरे संरक्षण विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ८. | वन तथा वातावरण मन्त्रालय | माथिल्लो सोलुखोला जलविद्युत आयोजनाको प्रसारणलाईनको आर.ओ.डव्लु. र टावर प्याड संरचनाहरु निर्माण गर्नका लागि सोलुखुम्वु जिल्लाको सोलु दुधकुण्ड न.पा. वडा नं.-३,४,५,६ र ११ मा रहेको राष्ट्रिय वन भित्रको ५.८११ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गर्ने। |
| ९. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | विभिन्न स्थानीय तहहरूलाई विभिन्न प्रयोजनको लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने। |

## संवत् २०७९ साल असोज ७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | Third Ministerial Conference on Regional Economic Cooperation and Integration in Asia and the Pacific मा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेललाई स्वीकृति दिने। |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता प्रहरी (तेस्रो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने। |
| ३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | क्यानडाको ओटावामा २०७९ साल असोज १९ देखि २० सम्म आयोजना हुने डिजीटल समीट (Digital Summit)मा सहभागी हुन कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय तिलक परियारलाई स्वीकृति दिने। |
| ४. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट सञ्चालन हुने बजार अनुगमन कार्यक्रममा आ.व. २०७९/८० का लागि राजपत्राङ्कित स्तरका पदको अस्थायी दरवन्दी स्वीकृत गर्ने। |
| ५. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्राइभेट फर्म रजिष्ट्रेशन(चौधौं संशोधन) नियमावली, २०७९ लाई स्वीकृत गर्ने। |
| ६. | गृह मन्त्रालय | दार्चुला जिल्लाको महाकाली नगरपालिका र नौगाड गाउँपालिकाका भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने। |
| ७. | वन तथा वातावरण मन्त्रालय | चुरे संरक्षण विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ८. | वन तथा वातावरण मन्त्रालय | माथिल्लो सोलुखोला जलविद्युत आयोजनाको प्रसारणलाईनको आर.ओ.डब्लु. र टावर प्याड संरचनाहरु निर्माण गर्नका लागि सोलुखुम्वु जिल्लाको सोलु दुधकुण्ड न.पा. वडा नं.-३,४,५,६ र ११ मा रहेको राष्ट्रिय वन भित्रको ५.८११ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गर्ने। |
| ९. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | विभिन्न स्थानीय तहहरूलाई विभिन्न प्रयोजनको लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| १०. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विज्ञापन बोर्डका लागि आर्थिक वर्ष २०७९/८० को लागि अधिकृतस्तरका कर्मचारीहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ११. | सार्वजनिक यातायातलाई सुरक्षित र व्यवस्थित गर्न एवं सडक दुर्घटनालाई न्यूनीकरण गरी नागरिकको आवागमनलाई सहज, सुरक्षित र भरपर्दो बनाउन सवारी साधनको यान्त्रिक परीक्षण, भारबहन क्षमता, सवारीको गति, टाइम कार्डको अवलम्वन लगायतका विषयमा अनुगमन, नियमन, सुपरिवेक्षण, निर्देशन र समन्वय गर्न गृह मन्त्रालयका सहसचिव फणीन्द्रमणि पोखरेलको संयोजकत्वमा एक समिति गठन गरी जिम्मेवारी दिने। | |
| १२. | संस्कृतिविद् एवं शताब्दी पुरुष श्री सत्यमोहन जोशीको नियमित स्वास्थ्य हेरचाहको लागि स्वास्थ्य तथा जनसङ्ख्या मनत्रालयले एक जना नर्स उपलब्ध गराउने। | |
| १३. | राष्ट्रिय गानका रचयिता प्रदिपकुमार राई (व्याकुल माइला) लाई सहज जीवन यापनको लागि मासिक पच्चीस हजार रुपैंया भत्ता उपलब्ध गराउँदै आएकोमा उक्त रकममा बृद्धि गरी मासिक पचासहजार रुपैंया उपलब्ध गराउने। | |